नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या:०७३/०७४

चलानी नं. ३९२१

मिति २०७३।११।२४

विषय : आवश्यक तयारी गर्ने सम्बन्धमा ।

**अत्यन्त जरुरी**

श्री स्थानीय विकास अधिकारीहरु सबै,
७५ जिल्ला ।

उपरोक्त विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।०९ गतेको निर्णयानुसार जारी भएको **स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश २०७३** यस मन्त्रालयको Website बाट Download गरी सो आदेशमा व्यवस्था भए बमोजिम गाउँपालिका र नगरपालिकाको संख्या र सीमाना कायम भएको सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि नै स्थानीय तहहरुको कार्यालय स्थापना गरी सोही बमोजिम सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने भएकोले देहाय बमोजिम आवश्यक तयारी गर्नुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।११।२४ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१) जिल्ला समन्वय समिति/नगरपालिका/गाउँपालिकाको नयाँ साइनबोर्ड, छाप, लेटरप्याड समेत तयारी अवस्थामा राख्ने/राख्न लगाउने,

२) यस मन्त्रालयले नयाँ नगरपालिका र गाउँपालिकामा कार्यकारी अधिकृत खटाउन तयारी भईरहेकोले त्यसरी खटिइ नआएसम्म सञ्चालन आदेशमा भएको व्यवस्था बमोजिम सम्बन्धित गा.वि.स.सचिव मध्येबाट जेष्ठ कर्मचारीलाई निमित्त कार्यकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाउने,

३) स्थानीय तहको कोष व्यवस्थापन र खाता सञ्चालनका सम्बन्धमा सञ्चालन आदेशमा व्यवस्था भए बमोजिम गर्न आवश्यक तयारी गर्ने/गराउने ।

२०७३।११।२४

(भरत कुमार शर्मा)
उपसचिव

बोधार्थ

श्री सूचना तथा विद्युतीय शासन शाखा :- मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।